नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

**इ.प्रा.परिपत्र संख्या : ०३/२०७६-७७** **मितिः २०७६/०५/१६**

श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरू, इजाजतपत्रप्राप्त "क" र "ख" वर्गका बैंक/वित्तीय संस्थाहरू तथा अन्य इजाजतपत्रप्राप्त संस्थाहरु ।

**विषय : एकीकृत परिपत्र - २०७४ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोवार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायहरुलाई जारी गरिएको एकीकृत परिपत्र-२०७४ मा देहाय बमोजिम संशोधन तथा थप गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

अ) एकीकृत परिपत्र-२०७४ को परिपत्र नं. १२/२०७४ मा देहाय बमोजिमको दफा नं. ६ थप गरिएको छ ।

६. नेपाल सरकार तथा नेपाल सरकारको स्वामित्व रहेका निकायबाट भएको ग्लोबल टेण्डर अन्तर्गत ठेक्का प्राप्त गरेका विदेशी निकायहरुले प्रचलित कानून बमोजिम नेपालमा रही कामकाज गर्न खोलिएका शाखा/सम्पर्क कार्यालय मार्फत वा प्रचलित कानुन बमोजिम अधिकार प्राप्त कुनै सरकारी निकायबाट छनौट भई वा अधिकार प्राप्त कुनै सरकारी निकायसँग करार गरी गरेको कार्यबाट आर्जन गरेको मुनाफा अथवा त्यस प्रकारका ठेक्काको काम मुख्य ठेकेदारले विभिन्न विदेशी कम्पनीलाई दिएको त्यस्ता स-साना उपठेक्का अन्तर्गतका ठेकेदारले आर्जन गरेको मुनाफा आफ्नो Parent Company लाई देहायका शर्तहरुको अधिनमा रहेर फिर्ता भुक्तानी (Repartiation) गर्न सकिनेछ ।

क. यस्तो मुनाफा फिर्ता भुक्तानी गर्न यस बैंकको स्वीकृति लिनु पर्नेछ ।

ख. स्वीकृतिका लागि निम्नानुसारका कागजात पेश गर्नुपर्नेछ :-

(१) फर्म, कम्पनी वा संस्था दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्बर (PAN) ।

(२) कर चुक्ता प्रमाणपत्र र सेवाबापत अग्रिम कर दाखिला गरेको निस्सा (TDS) तथा मुनाफा भएमा लाग्ने लाभांश कर तिरेको निस्सा ।

(३) पछिल्लो लेखापरीक्षण प्रतिवेदन ।

(४) सेवा प्रदान गर्ने संस्थासँग गरेको सम्झौता र बीलबीजकको प्रमाणित प्रतिलिपी ।

(५) सम्झौता बमोजिम गरेको कार्यको विवरण सहित संचालक समितिबाट सटही सुविधा माग गर्ने सम्बन्धमा भएको निर्णयको प्रतिलिपी र विदेशी मुद्रा अपचलन भएमा सोको सम्पूर्ण जिम्मेवारी लिने स्वःघोषणा ।

(६) काम प्रदान गर्ने संस्थाबाट भुक्तानी प्राप्त भएको रकम खुल्ने कागजात र बैंक स्टेटमेण्ट ।

(७) जुन कार्य गर्न ठेक्का/उप-ठेक्का प्राप्त गरेको हो सोही काम गरेर उल्लिखित मुनाफा आर्जन गरेको हो भन्ने व्यहोराको लेखापरीक्षकले प्रमाणित गरेको विवरण ।

(८) सम्बन्धित कार्य गर्न सम्झौता गर्ने संस्थाले भुक्तानी गरेको रकम प्रमाणित गरेको कागजात र सो रकमको सीमाभित्र सोही संस्था र नियामक निकाय भएमा सो निकाय समेतले मुनाफा रकमान्तर गर्न यस विभागलाई गरेको सिफारिस पत्र ।

भवदीय,

(गुरु प्रसाद पौडेल)
का.मु. कार्यकारी निर्देशक

बोधार्थ:

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा ।
४. श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।
५. श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
६. श्री नेपाल सरकार, गृह मन्त्रालय, अध्यागमन विभाग ।
७. श्री नेपाल सरकार, राजश्व अनुसन्धान विभाग ।
८. श्री नेपाल सरकार, भन्सार विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
११. श्री नेपाल राष्ट्र बैंक, विकास वैंक सुपरिवेक्षण विभाग ।
१२. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग ।
१३. श्री नेपाल बैंकर्स संघ ।
१४. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।
१५. श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१६. श्री नेपाल उद्योग परिसंघ ।